# सिद्धलेक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ
३ नं. प्रदेश, नेपाल ।

**आर्थिक बर्ष ०७५/०७६ को आन्तरिक आयको ठेक्का बढी बढाउद्धाराबन्दोवस्ती बोलपत्र आव्हान**

प्रथम पटक प्रकाशित मिति २०७५/३/१८

स्थानयि सरकार संचालन एन २०७४ को परिच्छेद दफा ११ घ(१),घ(२),को व्यवस्था बमोजिम यस सिद्धलेक गाउपालिकालेआफ्नो आन्तरीक आय संकलन गर्न ठेक्का बन्दोबस्ती बढी बढाउद्धार गर्नु पर्ने भएकाले सिद्धलेक गाउपालिकाको निणर्य अनुसार देहाएका शिर्षकमा राजश्व उठाउने काम को लागि यो १५ दिने सुचना प्रकाशित गरिएको छ । उक्त कार्य गर्न इच्छुक फर्महरुले फर्म दर्ता एवं नविकरण प्रमाण पत्र, कर दर्ता कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिहरु करवाही तथा कालोसुचीमा नपरेका स्वघोषणा अख्तियारमा (Leeter of Attomey) सहित निम्नशर्तहरुको अधिनमा रही तपशिल अनुसार तोकिएको मिति स्थान र समयमा बोल कबुल फारम खरिद गरि दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

स्थानीय पूर्वाधार (सडक) उपयोग शुल्क : निजी तथा भाडाका बस, ट्रक, ट्रयाक्टर,टिपर, आइचर रु. १००। मिनि बस रु.७५। निजी तथा भाडाको कार, जिप, माईक्र बस रु.५०। का दरले ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व.०७५/७६ को लागि न्युनतम ठेक्का रकम (भ्याट बाहेक) रु. | बोल कबुल फारम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | १/०७५/७६ | बैरेनी ठाँटी कमलबारी सडक | रु.७५०००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| २ | २/०७५/७६ | बुङचुङ आरुवास मैदान सडक | रु. ५००००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ३ | ३/०७५/७६ | परेवाटार कुम्पुर भञ्जयाङ कलिदह सडक | रु.५००००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ४ | ४/०७५/७६ | परेवाटार माझिटार आदमटार सडक | रु. ७५०००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ५ | ५/०७५/७६ | डुम्रोखोला जहरे सडक | रु. २००००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ६ | ६/०७५/७६ | कालिदह रैदले सडक | रु.१००००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ७ | ७/०७५/७६ | फिसटार गौथले सडक | रु. १५०००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ८ | ८/०७५/७६ | फिसटार कालिका सडक | रु. १००००। | ३००। | कबोल अंकको ५ प्रतिशत |
| ९ | ९/०७५/७६ | मविखोला काम्राङ सडक | रु.५०००। | ३००। | कबोल अंकको ५ प्रतिशत |

सि.नं ४ को हकमा ढुङ्गा, गिटी, बालुवाको हकमा छुटै सुचना प्रकासीत गरिने छ । यसमा समाबेश गरिएको छैन । साथै सि.नं. ५, ६, ७, ८, र ९ को हकमा बोलकबुलको सम्पुर्ण रकम एकमुष्ट बुझाई सकेपछि मात्र ठेक्का सम्झौता गरिने छ ।

**शर्तहरु :**

१. बोल कबुल फारम खरिद गर्ने अवधी यो सूचना प्रकासित भएको १५ दिन भित्र  रहने छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट  दिनको १२ बजे रहने छ । प्राप्त बोलपत्र पेशगर्ने अन्तिम दिनको दिउसो १३:०० बजे सिद्धलेक गाउपालिकाको कार्यालयमा खोलिने छ ।बोलपत्र खरिद, दर्ता र खोल्ने दिन विदा परेमा क्रमश सोको भोलि पल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिने छ ।

२. बोल कबुल फारम साथ धरौटी वपत कबोल अंकको ५ प्रतिशत  हुने रकम यस कायालयको राष्ट्रिय बाणिज्य बैक धादिङबेशी शाखामा रहेको खाता नं. १०३०३०३००७१०५ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सुचना जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाउमा जारि गरिएको मान्यता प्राप्त बाणिज्य बैकको जमानत (बिड बण्ड) पेश गर्नु पर्ने छ ।

३. बोलपत्र दाताले खामको बाहिर पोट्टी ठेक्काको नाम, ठेकेदारको नाम, सम्पर्क नं. र सिद्धलेक गाउपालिका भनी प्रष्ट रुपमा बुझिने गरी लेख्नु प्रर्ने छ । बोल कबुल फरममा अंक र अक्षरमा केरमेट नगरी स्पस्ट संग लेख्नु पर्ने छ । अकंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लागि मान्यता दिइने छ ।

४. बोल कबुल फारम दिदा कुनै प्रकारको शर्त मान्य हुने छैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फवाट प्रमाणित नभएको बोल कबुल फारमलाई मान्यता दिइने छैन ।

५.ठेक्का अवधि २०७६ असार मसान्त सम्म रहनेछ ।

६.ठेक्का अवधीको प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने आयकर लगाएतका अन्य करहरु ठेकेदार स्वंयमले व्यहोर्नु पर्ने छ ।

७.कारोवार गर्दा बलश्रमको प्रयोग र वातावरणमा असरपर्ने प्रविधी अपनाउन पाईर्ने छैन ।

८. बोलपत्र स्वीकृत गर्ने आसयको सुचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरि सक्नु पर्ने छ । तोकिएको समय भित्र सम्झौत गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफात गरी कालो सुचीमा राखिने छ ।

९.ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा मात्र उठाउन पर्ने छ । राजमार्ग र सहायक मार्गमा ढाटराखी कर उठाउन पाइने छैन ।

१०. म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोल कबुल फारम उपर कुनै कारबाही गरिने छैन ।

११. ठेकेदारले बन्द हटताल कारण देखाई छुट तथा मिना दाबी गरेमा कार्यालयले छुट र मिना दिईने छैन ।

१२.नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु ठेकेदारको कर्तव्य हुने छ ।

१३.कुनै कारण देखाई वा नदेखाई बोल कबुल फारम स्वीकृत गर्नृ वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ । बिषेश अवस्थामा सुचनामा उल्लेखित शर्त  र समय हेरफेर गर्न सकिने छ ।

१४.सबारी साधनको शुल्क उठाउदा एम्बुलेन्स, शव वहान, सरकारी तथा कुटनीतिक नियोगका सबारी साधनको शुल्क उठाउन पाईने छैन ।

१५. यस सुचानामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलीत कानुन बमोजिम हुने छ ।

१६.सुचना सम्बन्धीत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईट www.siddhalekmun.gov.np मा समेत हेर्न सकिने छ । यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत